प्रस्तावहरु

१-हिउदे विदा सम्बन्धमा ।

२-दोस्रो त्रैमासिक परिक्षा सञ्चालन सम्बन्धमा ।

३-योजनावद्ध शिक्षण सिकाइ सहजिकरण गर्ने सम्बन्धमा ।

४- दिवा खाजा मेनु निर्माण सम्बन्धमा ।

५-राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

६- iemis व्यवस्थापन सम्बन्धमा ।

निर्णयहरु

१- बदलिदो मौसमका कारण अत्यधिक चिसो बडेकोले बालबालिकाको स्वास्थ्यमा पर्ने असरलाइ मध्यजनर गर्दै यहि मिति २०७९/०९/१७ गते देखि मिन पचास विदा वाट कट्टी हुने गरी हिउदे विदा गर्ने ।

२- हाल सम्म भएको पठन पाठनबाट विद्यार्थीमा भएको सिकाइ उपलब्धि मापन गर्न दोस्रो त्रैमासिक परीक्षा मिति २०७९/१०/०५ गते देखि सञ्चालन गर्ने साथै प्रश्न पत्र निर्माण गर्दा विशिष्टीकरण तालिका, नमुना प्रश्न पत्रको आधारमा प्रश्न पत्र निर्माण गरी मर्यादित तवरले परीक्षा सञ्चालन गर्ने र उत्तरपुस्तिका यथासिघ्र जाच गरी सिकाइ उपलब्धिको विश्लेषण गरी अभिलेख राख्ने ।

३- शिक्षण सिकाइलाइ प्रभावकारी वनाइ बालबालिकामा अपेक्षित सिकाइ उपलब्धि हासिल गराउन देहायबमोजिमको कार्य गर्ने -

क- प्रारम्भिक बालविकास केन्द्रमा प्रारम्भिक बालविकास केन्द्रको पाठयक्रम-२०७७ अनिवार्य प्रयोग गरी सिकाइ सहजिकरण गर्ने ।

ख- पाठयक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामाग्रीको अनिवार्य प्रयोग गरी योजनाबद्ध शिक्षण सिकाइ प्रक्रिया अवलम्वन गर्ने ।

ग- निरन्तर विद्यार्थी मुल्याङ्कन गरी त्यसको अभिलेख राख्ने ।

इन्द्र बहादुर विष्ट
शिक्षा अधिकृत

४- दिवा खाजाको कार्यक्रमलाई थप व्यवस्थित वनाउन स्थानीय स्तरमा उत्पादित खाद्य वस्तुलाइ दृष्टिगत गरी विद्यालयगत रुपमा मेनु निर्माण गरी लागु गर्ने।

५- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत आ.व.२०७९/०८० मा छनौट भएका विद्यालयहरुले कार्यक्रम यथासिघ्र रुपमा नियमानुसार कार्यान्वयन गर्ने ।

६- इमेल ठेगाना बनाउन बाकी विद्यालयले यथासिघ्र बनाइ यस नगर कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने र एकिकृत शैक्षिक सुचना व्यवस्थापन सूचना व्यवस्थापन प्रणाली (Iemis) लाइ थप व्यवस्थित वनाउन कक्षा (१-५) सञ्चालित विद्यालयलाइ iemis व्यवस्थापन गर्न आवश्यक पर्ने कम्प्युटर को लागि आवश्यक वजेट व्यवस्थापनको लागि नगरकार्यपालिकाको वैठकमा अनुरोध गर्ने।

इन्द्र बहादुर विष्ट
शिक्षा अधिकृत